BBS 1st year

Account theory

(By:- Easy study YouTube channel)

New syllabus

Fixed 35-45 marks

Chapter topics

1. Basic understanding of financial accounting. (2, 10 marks)
2. Conceptual framework of accounting. (2,10 marks)
3. Accounting process. (2marks)
4. Accrual basis of accounting. (2 marks)
5. Accounting for inventories and cost of goods sold. (2 marks)
6. Accounting for cash and internal control. (2 marks)
7. Accounting for receivable.(2 marks)
8. Accounting for current liabilities. (2 marks)

9. Accounting for long-lived assets. (2,10 marks)

10. Accounting for long term liabilities. (2,10 marks)

11. Accounting for shareholders equity. (2 marks)

12. Basic financial statements. (2 marks)

13. Cash flow statement. (2 marks)

14. Value Added Statement. (2 marks)

15. Analysis of financial statement. (10 marks)

1.Basic understanding of financial accounting. (2, 10 marks)

(2 marks important question)

1. Define financial accounting?

Ans:- व्यव्सायिक वित्तीय कारोबारहरुको नियमित, विधिगत, स्पष्ट र व्यवस्थित तरिकाले अभिलेख राख्ने, अन्तिम खाता तयार पार्ने, वित्तीय विवरणको विश्लेषण गर्ने र सम्बन्धित पक्षहरुलाइ व्यवसाय

सञ्चालनको नतिजा जानकारी प्रदान गर्ने बिज्ञान तथा कलालाई नै बित्तीय लेखाविधि (financial accounting) भनिन्छ।

Describe by easy youtube channelw

2. What is accrual concept of accounting?
   Ans:- एक निश्चित लेखा अवधिमा आर्जन गरेको आयलाई आम्दानी र सो निश्चित अवधिमा भएको व्ययलाई खर्च पहिचान गरि राखिने लेखाविधिलाई उपार्जनमा आधारित लेखाविधि भनिन्छ। कारोबार सुरु हुना साथ यसले प्रभाव पार्ने पक्षहरुलाई समेटेर त्यस् अबधिको नाफा नोक्सान पत्ता लगाउने र त्यसको प्रभावबाट सम्पत्ति तथा दायित्वको अभिलेख बित्तीय विवरण तयार गरिन्छ।

Describe by easy youtube channel

3. Write any two objective of financial accounting?
   Ans:-
   - मौद्रिक कारोबारहरु को वैज्ञानिक ढंगले लिखित अभिलेख राख्नु
   - व्यवसायिक स्थिति पत्ता लगाउनु
   - कम्पनी नियन्त्रणमा मद्दत गर्नु
   - लेखा पकृया लाई प्रभावकारीता प्रदान गर्नु
   - वित्तीय जानकारी उपलब्ध गराउनु

- वित्तीय सूचना ब्याख्या बिश्लेषण गर्नु

4. Write any two limitation of financial accounting?

   Ans:-

   - समग्र नतिजामात्रै उपलब्ध गराउनु
   - लागतको वर्गीकरण नहुनु।

5. Show suitable relationship between book keeping, accounting, accountancy.

   Ans:-



(Bookkeeping) वही अभिलेखन, (accounting) अभिलेखन विधि, (Accountancy) लेखाशास्त्र एक आपसमा अन्तरसम्बन्धित छन्। लेखाशास्त्र एउटा बृहत शास्त्र हो, जसमा व्यवसायको वित्तीय कारोबारमा गरिने लेखा अभिलेखन, लेखाविधि र लेखापरीक्षण सबै पर्दछन्। अत यी सबै एक आपसमा अन्तरसम्बन्धित छन्।

Describe by easy youtube channel

6. list out the users of accounting information?

Ans:- लेखा सूचनाका प्रयोगकर्ताहरुलाई आन्तरिक र बाह्य प्रयोगकर्ता गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ।

i. आन्तरिक प्रयोगकर्ता (internal users need)
   - संचालक समिति (board of director-BOD(
   - व्यवस्थापन (Managers)
   - लेखापाल र अन्य (accountant and other)

ii. बाह्य प्रयोगकर्ता (External users and other)
   - लगानीकर्ताहरु
   - ऋणदाताहरु
   - आपूर्तिकर्ता
   - स्तर निर्धारक
   - कर्मचारी तथा श्रमिक संघ
   - ग्राहकहरु
   - सरकार नियमन संस्था तथा कर अधिकारीहरु
   - समाज
   - Describe by easy youtube channel

Describe by easy youtube channel

7. Differentiate between cash and accrual basis of accounting?

   Ans:-

आधर	नगदमा आधारित लेखा	उपार्जनमा आधारित लेखा
प्रवाह	यसमा नगद प्रवाह्को आधारमा लेखा राखिन्छ।	यसमा कारोबार सञ्चालन भएको समयको आधारमा लेखा राखिन्छ।
आय	यसले नगद प्राप्त भएपछि मात्र आय मान्द्छ।	यसले आम्दानी आर्जन भएपछि मात्र आय मान्द्छ।
खर्च	यसले नगद भुक्तानी गरेपछि मात्र खर्च मान्द्छ।	यसले खर्च व्यतीत भएपछि मात्र खर्च मान्द्छ।

(10 marks questions)

8. Discuss the concept, feature and objectives of financial accounting?

   Ans:-व्यव्सायिक वित्तीय कारोबारहरुको नियमित, विधिगत, स्पष्ट र व्यवस्थित तरिकाले अभिलेख राख्ने, अन्तिम खाता तयार पार्ने, वित्तीय विवरणको विश्लेषण गर्ने र सम्बन्धित पक्षहरुलाइ व्यवसाय सञ्चालनको नतिजा जानकारी प्रधान गर्ने बिज्ञान तथा कलालाई नै बित्तीय लेखाविधि (financial accounting) भनिन्छ।

वित्तीय लेखा विधि का विशेषताहरु निम्नानुसार छन

- वित्तीय कारोवारको अभिलेख
- निरन्तर प्रक्रिया
- विश्लेषण र व्याख्या
- ऐतिहासिक प्रकृति
- सर्वमान्य लेखाविधि का सिद्धान्तमा आधारित
- सूचना सम्प्रेषण
- वित्तीय विवरणको व्याख्या
- संक्षेपिकरण

  Describe by easy youtube channel

वित्तीय लेखा विधिका उद्देश्यहरू निम्नानुसार छन्

- मौद्रिक कारोबारहरु को वैज्ञानिक ढंगले लिखित अभिलेख राख्नु
- व्यवसायिक स्थिति पत्ता लगाउनु ।
- कम्पनी नियन्त्रणमा मद्दत गर्नु
- लेखा पकृया लाई प्रभावकारीता प्रदान गर्नु
- वित्तीय जानकारी उपलब्ध गराउनु
- वित्तीय सूचना ब्याख्या बिश्लेषण गर्नु

9. What do you mean by accounting information? Explain in verify the qualitative feature of accounting information.

Ans:- (Accounting information) लेखा सूचना निर्णयकर्ताहरुको प्रयोगको लागि आवश्यक वित्तीय जानकारी तथा तथ्यांकहरु संकलन गर्ने, संग्रह गर्ने र प्रशोधन गर्न को लागि डिजाइन गरिन्छ। यस्का प्रयोगकर्ता आन्तरिक र बाहृय दुई प्रकृतिको हुन्छ।

लेखा सुचनाका गुणात्मक विशेषताहरु यसप्रकार छन्

- बुझ्न् सकिने तथा सरल
- समसामयिक
- विश्वसनीय
- तुलनायोग्य
- वस्तुगत
- स्थिरता
- रुढीबाद
- परम्परागत
- लागत लाभ सम्बन्ध।

Describe by easy youtube channel

10. What is the relation between accounting and other disciplines?

Ans:- लेखा र अन्य विधिको सम्बन्धलाई निम्न बुदामा देखाउन सकिन्छ।

i. अर्थशास्त्र र लेखा

- अर्थशास्त्रले समग्र उद्योगहरूको आर्थिक समस्याको अध्ययन गर्दछ। यद्यपि लेखा बाट प्राप्त तथ्यांकहरु कै आधारमा पुँजी, माग, आपूर्ति, मौज्दात जस्ता आर्थिक चरहरूको विश्लेषण गरी विभिन्न अर्थशास्त्री सिद्धान्त र मोडलहरु समेत बनाउने भएकाले यी दुई विधाको अन्योन्याक्षृत सम्बन्ध छ।

ii. लेखा र गणित

- अंकगणित बिजगणितको आधारभूत ज्ञान बिना लेखामा कारोबारहरूको मापन र अभिलेखन गर्न सकिँदैन। व्याज नाफा चक्रीय ब्याज आदिको गणनाको लागि गणितको ज्ञान अपरिहार्य छ।

iii. लेखा र तथ्यांकशास्त्र

- तथ्यांकशास्त्रमा सूचनाहरूको संकलन, विश्लेषण र तालिकीकरण गरी विभिन्न graph, diagram आदिमा देखाइन्छ जुन लेखाशास्त्र सँग सम्बन्धित छ।

iv. लेखा र कानुन

- लेखाको सैद्धान्तिक आधार भएतापनि कम्पनी ऐन, आयकर ऐन, खरिद ऐन, करार कानुन आदिले लेखाका

प्रचलित अभ्यासहरुलाई दिग्दर्शन गर्दछन् र कानुन बाध्यकारी समेत हुन्छन।

v. लेखा व्यवस्थापन

- व्यवस्थापन संगठनका लक्ष्य हासिल गर्न विभिन्न वित्तीय निर्णयहरू गर्नुपर्दछ। जुन सुचनाहरु लेखाबाट नै प्राप्त हुन्छ। अतः लेखा र व्यवस्थापनको सम्बन्ध अन्योन्याक्षृत छ।

2.Conceptual framework of accounting. (2,10 marks)

(2 marks important question)

1. What do you understand by business entry/entity concept?
   Ans:- व्यावसायिक अस्तित्वको अवधारणा अनुसार व्यवसायको आफ्नै एउटा स्वतन्त्र अस्तित्व हुन्छ। अत व्यवसायको सम्पत्ति तथा दायित्वलाई व्यवसायको नाम लेखिन्छ र व्यवसायको मालिकहरुलाई साहु वा ऋणदाता मात्र मानिन्छ। अत सम्पुर्ण कारोबारहरुको अभिलेख व्यवसायको तर्फबाट राखिन्छ, मालिक बाट होइन।

2. What is meant by going concern concept?

Ans:- व्यवसाय निरन्तररुपमा दीर्घकालसम्म चलिरहन्छ भन्ने मान्यता नै चालु संगठनको मान्यता हो। अतः व्यवसायमा स्थिर सम्पत्ति प्रयोग गर्ने गरिन्छ भने अर्को तर्फ विभिन्न पक्षले व्यवसायप्रति दीर्घकालीन सम्झौताहरू राख्दछन्।

3. What do you mean by realization concept?
   Ans:- आयको अभिलेखन राख्दा आय सिर्जना हुने समयमा मात्र अभिलेखन राख्नुपर्दछ भन्ने मान्यतालाई (realization concept) प्राप्तिको अवधारणा भनिन्छ। आय मालसामान वा सेवा प्रदान गरेबापत प्राप्त हुन्छ।

4. Write in verify about money measurement or monetary concept.
   Ans:- मुद्रा वा मौद्रिक मूल्यमा व्यक्त गर्न सकिने कारोबारहरुको मात्र लेखाविधि अन्तर्गत अभिलेखन राखिन्छ। मौद्रिक मूल्य मा परिणत गर्न नसकिने वस्तु तथा सेवाहरूको लेखाविधिमा अभिलेखन राख्न सकिँदैन। मुद्रा सर्व स्वीकार्य र अभिलेखन राख्न एकरुपता हुन्छ।
   Describe by easy youtube channel

5. Write short note on matching principle.

Ans:- कुनै पनि व्यवसायको सम्बन्धित वर्षको आम्दानी र खर्च हरुको मात्र तुलना गर्नु पर्दछ भन्ने मान्यतालाई मिलानको अवधारणा भनिन्छ। जसले कम्पनीको यथास्थिति प्रस्तुत गर्दछ।

6. Give the meaning of accounting period concept.
   Ans:- निर्धारित समयको अन्त्यमा वा आवश्यक परेको बेला व्यवसाय सञ्चालनको नतिजा पत्ता लगाउने उद्देश्यले व्यवसायको जीवनकाललाई विभिन्न खण्डहरुमा विभाजन गरिन्छ जसलाई लेखावर्ष / लेखाअवधि (accounting period) भनिन्छ। जसमा 1 बर्षको accounting period लाई उपयुक्त मानिन्छ।

7. Write any two difference between accounting concept and accounting conventions.
   Ans:-

आधर	लेखा अवधारणा (accounting concepts)	लेखा प्रथा (accounting conventions)
अर्थ	लेख आवधारणा लेखा अभिलेख नियम वा सिद्धान्त मा आधारित छन्।	लेखा प्रथा लेखा अभिलेखन का प्रचलित र स्वीकार्य अभ्यासबारे आधारित छ।
प्रकृति	यो सैद्धान्तिक प्रकृतिको हुन्छ।	यो व्यापारिक प्रकृतिको हुन्छ।

Describe by easy youtube channel

(10 marks per questions)

8. Define GAAP, explain in verify the futures of GAAP.

Ans:- लेखाविधि विभिन्न सिद्धान्त, अवधारणा र प्रथामा आधारित छन्, जुन सामान्यतया: स्वीकृत व्यवहार सम्मत हुन्छन्। अर्थात् लेखा विधि एउटा निश्चित मापदण्ड हुने गर्दछ, जसको आधारमा यो चल्दछ र त्यस्ता मापदण्डहरूको संकलनलाई सर्वमान्य स्वीकृत लेखाविधि (GAAP-generally accepted accounting principle) भनिन्छ।

युरोपियन लगायत विश्वका 120 मुलुकहरुले GAAP को सट्टा IFRS-international financial reporting standard को पालना गर्दछन्, जसमा नेपाल पनि पर्दछ। जसअन्तर्गत सबै सुचिकृत पव्लिक कम्पनीले लेखा राख्न अनिवार्य छ।

GAAP का विशेषताहरु निम्नानुसार छन्

- समयसामयिक

  :- व्यवसायक निर्णयकर्ताहरुलाई आवश्यक पर्ने जानकारीहरु समयमै उपलब्ध गराउनु पर्दछ।

- विश्वासनियता

:- लेखा जानकारीहरु वस्तुपरक हुनुपर्दछ, अर्थात वित्तीय विवरणहरु तथ्य र प्रमाण आधारित हुनुपर्दछ।

- बुझ्नसक्ने

  :- वित्तीय सूचनाहरू प्रयोगकर्ताले बुझ्न सक्ने हुनुपर्दछ आवश्यक परेमा थप व्याख्या समेत पेश गर्नु पर्दछ।

  Describe by easy youtube channel

- तुलनात्मक

  :- वित्तीय विवरणहरु समय अनुसार तुलना गर्न मिल्ने ढाँचामा प्रस्तुत हुनुपर्छ।

9. What do you mean by accounting standard? Explain the need and significance of accounting standard?

   Ans:- लेखमान एउटा यस्तो लिखित नीति, मापदण्ड हो जसले वित्तीय कारोबारहरुको अभिलेख खाता कस्ता, मान्यता, विधि, प्रक्रिया र तरिकाहरु अपनाउने भन्ने कुराको व्याख्या गर्दछ। यो लिखित नीति accounting standard board जारी गर्दछ।

   यसका महत्व वा आवश्यकताहरु निम्नानुसार छन्:-

   - लेखा विधिमा एकरुपता
   - वित्तीय विवरणमा सूचनाहरूको विश्वासनियता
   - ठगी र समायोजनको रोकथाम

- स्पष्ट सूचना
- लेखापरिक्षण
- लगानी विश्वासको अभिवृद्धि

लेखामानको वर्गीकरणहरू निम्नानुशासन छ्न:-

- खुलासा मानक

  :- बाहिर लेखा प्रतिवेदनका न्यूनतम नियमहरु जसले सबै लेखा विवरणहरुलाई एकरुप बनाइराख्न मद्दत गर्दछ, जसलाई खुलासा मानक भनिन्छ। यो आफैंमा बिबादग्रस्त हुन सक्दछ।

- प्रस्तुतिकरण मानक

  :- प्रस्तुतीकरण मानकले कुनकुन वित्तीय विवरणहरु प्रस्तुत गर्ने र ती वित्तीय विवरण भित्र कुनकुन विषयवस्तु प्रस्तुतीकरण गर्ने भन्ने स्पष्ट पार्दछ।

- विषयवस्तु मानक

  :- कुन वित्तीय सूचना प्रकाशित गर्ने वा नगर्ने यसको स्पष्टताको लागि विषयवस्तु मानक तयार गरिन्छ।

  यसका तीन पक्षहरु निम्न छ्न :-

  i. स्पष्टता

ii. विशिस्टता

iii. अवधारणागत

Describe by easy youtube channel

3.Accounting process. (2marks)

(2 marks important question)

1. Define source of document with suitable example?

   Ans:- व्यावसायिक कारोबारहरुको लिखत प्रमाणलाई कागजातहरुको स्रोत भनिन्छ। कुनै पनि कारोबारलाई पुर्ण प्रमाणका साथ अभिलेख राख्नुको लागि कागजातको स्रोतको आवश्यकता पर्दछ। cash memo, बिजक, नगद प्राप्ती, चेक, Dr. note and Cr. note आदि यसका उदाहरण हुन ।

2. What is sub-division/subsidiary books? Mention it's types.

   Ans:- बारम्बार दोहोरिने र एकै प्रकृतीका कारोबार हरुलाई एकीकृत गरी छुट्टै पुस्तिकामा अभिलेखन राखिन्छ भने त्यसलाई (subsidiary books) साहयक पुस्तिका भनिन्छ। जसलाई साहय्क गौश्वरा भौचर पनि भनिन्छ।

   यसका प्रकारहरु निम्न छन:-

   - Purchase book
   - Sales book

- Purchase return book
- Sales return book
- Cash book
- Bills receivable book
- Bills payable book

3. Write short notes on debit note and credit note?
   Ans:-
   Dr.note:- उधारोमा मालसामान खरिद गर्दा कारणवश मालसामान फिर्ता गर्नुपर्नेमा क्रेताले बिक्रेतालाई प्रदान गर्ने कागजात नै debit note हो । यसमा फिर्ता गरिएको मालसामानको परिमाण, मूल्य र फिर्ता गरिएको कारण उल्लेख गरिन्छ।
   Cr.note:- ग्राहकले मालसामान फिर्ता पठाएमा मालसामान संगै फिर्ता पठाएको मालसामान व्यहोरा उल्लेख गरी पठाउने कागजातलाई नै credit note भनिन्छ।

4. Write any two difference between trade discount and cash discount?
   Ans:-

आधर	व्यापारिक छुट (trade discount)	नगद छुट (cash discount)

अर्थ	मालसामान बिक्री गर्दा विक्रेताले वस्तुको मूल्यमा गर्ने कटौतीलाई (trade discount) व्यापारिक छुट भनिन्छ।	साहुलाई भुक्तानी गर्नु पर्ने रकम निर्धारित समय अवधिमा भुक्तानी गर्दा पाउने छुट (cash discount) नगद छुट हो।
समावेश	यसलाई लेखा प्रक्रियामा समावेश गरिँदैन। यो वस्तुमा पाइने छुट हो।	यस्लाई लेखापरीक्षण तथा सम्बन्धित शीर्षकमा समावेश गरिन्छ ।यो समय अवधिमा गरिने छुट हो।

5. Mention the objectives of trial balance.

   Ans:- व्यवसायमा राखिएका हिसाब किताबहरूको अंकगणितीय शुद्धताको जाँच गर्नका लागि विभिन्न खातावहीको कुल रकमको सहायताबाट निश्चित मितिमा व्यवसायले तयार पारिएको विवरणलाई (trial balance) सन्तुलन परिक्षण भनिन्छ। सन्तुलन परिक्षण तयार गर्नुका मुख्य उद्देश्यहरु निम्नछन् :-

- अंकगणितीय शुद्धताको जांच गर्नु
- गल्तिहरु औल्याउनुमा मदत गर्नु

Describe by easy youtube channel

4.Accrual basis of accounting. (2 marks)

(2 marks important question)

1. Write any two difference between adjusting entries and closing entries.

   Ans:-

आधर	Adjusted entries	Closing entries
अर्थ	Adjusting entries एक आर्थिक वर्षको अन्त्यमा तयार गरिने journal entries हो। जसले आय र व्ययको तुलना गर्दछ।	Closing entry वर्षको अन्त्यमा तयार गरिने journal entries ह। जसले अस्थायी खाताहरु लाई स्थायी खातामा transfer गर्ने गर्दछ।
समय	Adjusting entries वित्तीय विवरण तयार गर्नुभन्दा अगाडी तयार गरिन्छ।	यो वित्तीय विवरण तयार गरी सके पश्चात तयार गरिन्छ।

2. What do you mean by appreciation?

   Ans:- स्थायी सम्पत्तिको बजार मूल्य बढ्न गरी सम्पत्तिको मूल्यवृद्धि हुने गर्दछ जसलाई (appreciation) मूल्यवृद्धि भनिन्छ।

New fixed asset = fixed asset + appreciation

3. What is adjusting entries and explain its type?

   Ans:- वर्षको अन्त्यमा सम्पूर्ण खाता तयार गरिसके पश्चात छुट्न गएका विभिन्न कारोबारहरुको अभिलेख राख्न तयार गरिने गोश्वरा भौचरलाई समायोजन प्रविष्टि (adjusting entries) भनिन्छ। यो वर्षको अन्त्यमा वित्तीय विवरण तयार गर्नु भन्दा अगाडि प्रविष्टि गरिन्छ।

   यो deferrals र accurals गरि दुई प्रकारका हुन्छ्न।

4. Write short note about :

   Hybrid system, deferrals, accurals, amortization

   Ans:-

   a. Hybrid system

      :- आर्थिक कारोबारहरुको लेखा राख्न यदि दुवै नगद लेखा प्रणाली र आर्जित लेखा प्रणाली प्रयोग गरिन्छ भने त्यसलाई (hybrid system) मिश्रित लेखा प्रणाली भनिन्छ। जहाँ cash

accounting बाट आय र Accural accounting बाट खर्च अभिलेख राखिन्छ ।

b. Deferrals

:- आम्दानी आर्जन गर्नु भन्दा अगाडि नगद प्राप्त वा खर्चको उपभोग गर्नुभन्दा अगाडि नगद भुक्तानिलाई (deferrals) बिलम्ब भनिन्छ।

- Deferred expenses
- Deferred income

c. Accurals

:- Accurals भन्नाले यस्तो आय हो जुन आर्जन गरिसकेको तर अहिलेसम्म प्रविष्टि नभएको अर्थात त्यस्तो खर्च हो, जुन उपभोग भइसकेको तर प्रविष्टि हुन बाँकी रहेको लाई बुझाउँदछ। यसलाई outstanding, accured पनि भनिन्छ।

- Accured revenue
- Accured expenses

d. Amortization / written off

:- प्रत्येक वर्ष संस्थामा भएको अदृश्य सम्पत्तिहरू तथा नाममात्रको सम्पत्तिहरु जस्तै goodwill, trade mark, premilary expenses आदि निश्चित दरले कट्टा गरी खर्च देखाउने गरिन्छ, जसलाई amortization वा written of अदृश्य सम्पत्तिको खर्च कट्टी भनिन्छ।

5.Accounting for inventories and cost of goods sold. (2 marks)

(2 marks important question)

1. What is inventory?

   Ans:- व्यवसाय सँग भएका कच्चापदार्थ, अर्ध तयारी वस्तु तथा तयारी वस्तु र supplies हरुलाई नै मौज्दात inventory भनिन्छ। company प्रारम्भ गर्दा वा नया सालमा हुने inventory लाई opening inventory भनिन्छ भने वर्षको अन्त्यमा वा खाता समाप्ति मा रहने वाकी inventory लाई closing inventory भनिन्छ। यसलाई वासलातमा current assets तर्फ asset मा record राखिन्छ।

2. What is cost of goods sold?

   Ans:- कुनै पनि वस्तुलाई बिक्री योग्य अवस्थामा ल्याउँदासम्म खुद लागतलाई बिक्री वस्तुको लागत (cost of goods sold) भनिन्छ। यहाँ

सुरुको मौज्दात प्रत्यक्ष खर्च र कारखाना उपरिव्यय जोडी अन्तिम मौज्दत घटाउने गरिन्छ।

3. What do you mean by inventory error?
   Ans:- मौज्दात, भण्डारण, अभिलेखन, परीक्षण गर्दा गल्ती हुन सक्दछ। मौज्दात गल्ती भन्नाले मौज्दातको भौतिक वस्तुको अभिलेखको तुलनामा त्यसको मुल्याङ्कन वा मूल्यमा भएको फरकलाई बुझाउँछ। यसले मुनाफालाई प्रभाव पार्दछ।

4. Write about cost of inventory.
   Ans:- cost of inventory
   - Period cost :- period cost भन्नाले त्यस्तो लागत हो जुन समयको आधारमा गणना गरी आएमा घटाउने गरिन्छ यो बस्तु उत्पादनमा प्रत्यक्ष संलग्न रहँदैन। office administration expenses ,selling and distribution expenses यसका उदाहरण हुन। Describe by easy youtube channel
   - Product cost:-
     वस्तु उत्पादन गर्दा प्रत्यक्षरुपमा लाग्ने खर्च हरुलाई बस्तु लागत वा उत्पादन लागत (product cost) भनिन्छ। direct expenses, manufacturing expenses यसमा पर्दछन्।

5. Write any two difference between fifo and lifo methods.

Ans:-

आधर	Fifo method	Lifo method
अर्थ	सुरुमा प्राप्त भएको मौज्दातलाई सुरुमै बिक्री गर्ने inventory evaluation method लाई fifo method भनिन्छ।	अन्तिममा प्राप्त भएको मौज्दातलाई सुरुमा बिक्री गर्ने inventory evaluation method लाई lifo method भनिन्छ।
नाफा प्रभाव	सामान्यतया fifo method मा नाफा lifo method को भन्दा कम देखिन्छ।	सामान्यतया lifo method मा नाफा fifo method को भन्दा धेरै देखिन्छ।

6. Write any two difference between perpetual inventory system and periodic inventory system.

Ans:-

आधर	perpetual inventor system	periodic inventory system
खरिद खाता को प्रयोग	यसमा दैनिक रुपमा मौज्दात अभिलेख राख्नुपर्ने हुदा खरिद खाताको प्रयोग गरिन्छ।	यसमा खरिद खाता प्रयोग गरिदैन।
लागत	यो बढी खर्चिलो र झन्झटिलो हुन्छ।	यो कम खर्चिलो र सरल हुने गर्दछ।

6.Accounting for cash and internal control. (2 marks)

(2 marks important question)

1. Write about not sufficient fund (NSF) cheque.

   Ans:- कम्पनीले आफ्नो ग्रहक बाट प्राप्त गरेको चेकको रकम ग्राहकको bank खाता मा भएको रकमभन्दा बढी छ भने त्यसलाई NSF अपर्याप्त कोष चेक भनिन्छ। यस्तो अवस्थामा कम्पनीले उक्त चेक अभिलेखन गरेता पनि bank ले जरिवानासहित उक्त चेक return गरिदिन्छ।

2. Write about electronic fund transfer (EFT)?

   Ans:- व्यवसायमा हुने गरेका सम्पूर्ण आर्थिक कारोबारहरु विद्‌युतीय माध्यम द्‌वारा गरिने ज्ञानलाई (electronic fund transfer) विद्‌युतीय कोष हस्तान्तरण भनिन्छ। जहाँ कागजी मुद्रालाई विस्थापन गर्दै मोबाइल र इन्टरनेटको सहायताबाट रकम हस्तान्तरण गरिन्छ।

3. What do you mean by deposit in transit or outstanding deposit?

   Ans:- कम्पनीले bank मा जम्मा गर्न पठाएको नगद वा चेक बैंकले जम्मा नगरेको वा नगद/चेक बाटोमा रहेको निक्षेपलाई जम्मा हुन बाँकी निक्षेप भनिन्छ। अत: bankमा भन्दा कम्पनीमा धेरै रकम देखिन्छ।
4. Write short note on petty cash fund.

Ans:- कम्पनीमा हुने गरेका प्रत्येक सानातिना कारोबारहरु bank बाट गर्न सम्भब रहदैन अत: सरल ढङ्गले कारोबार सप्पन्न गर्न निर्माण गरिएको कोष लाई सानो नगदी कोष भनिन्छ। चिया, खाजा, ट्याक्सी भाडा, रिक्सा भाडा आदि खर्च यसका उदाहरण हुन।

Describe by easy youtube channel

5. Write needs /importance of bank reconciliation statement.

   Ans:- Bank reconciliation statement तयार गर्नुका निम्नानुसार आवश्यकता तथा फाइदा छन :-

   - कारोबारको परीक्षण गर्न
   - लेख अभिलेखमा भएको गल्ती पत्ता लगाउन
   - कम्पनीले तथा bankले गर्ने त्रुटी सुधार गर्न
   - कम्पनीमा आइपर्ने अनिश्चितता कमगर्न
   - Passbook र cash book मौज्दात को शुद्धता प्रत्याभूति गर्न
   - कम्पनी र bank statement लाई समायोजन गर्ने आदि।।

6. Write about internal control activities.

   Ans:- आन्तरिक नियन्त्रण क्रियाकलाप भित्र निम्न क्रियाकलाप पर्दछ :-

- नगद प्रवाह तथा मौज्दातको वास्तविक जानकारी लिन नगद कारोबारको पारदर्शी लेखा राख्ने
- भुक्तानीको लागि प्रयाप्त नगद मौज्दातको व्यवस्था गर्ने
- नगद्लाइ विभिन्न अवसर्हरुमा लगानी गर्ने
- चोरी वा छ्लकपट बापत हुने नगदको नोक्सानीलाई बचाउने ।

Describe by easy youtube channel

7. Accounting for receivable.(2 marks)

1. Define receivable ?

Ans:- Receivable त्यस्तो सम्पत्ति हो जुन वस्तु तथा सेवा उधारोमा customer वा a/c receivable लाई बिक्रि गर्दा देखा पर्दछ। यसलाई balance sheet मा asset को current assets मा अभिलेख गरिन्छ।

Describe by easy youtube channel

2. Write any two difference between ac receivable and notes receivable.

Ans:-

आधर	A/C Receivable (Bills Receivable)	Notes receivable

शर्त	यसमा कुनै प्रकारको शर्त राखिदैन ।	.....हुन्छ।
समय तथा ब्याज	यसमा नत ब्याज तोकिएको हुन्छ नत समय नै ।	...हुन्छ ।

3. Write what does credit terms 3/10, net 30 mean?

   Ans:- credit terms 3/10, net 30 भन्नले ; ग्राहकले 10 दिन भित्रमा उधारो रकम भुक्तानी गरेमा तिनीहरुलाई 3% नगद छुट हुने अन्यथा अधिकत्तम समय 30 दिन सम्म रहने छ। ग्राहकले 11 दिन देखि 30 दिन सम्म उधरो भुक्तानी गरेमा कुनै छुट प्राप्त गर्दैन।

4. Briefly explain the method of estimating bad debts.

   Ans:- छुट विधि अन्तर्गत खराब ऋणको रकम निर्धारण गर्न निम्न मध्ये कुनै एक विधिको प्रयोग गर्न सकिन्छ।

   i. Credit sales method
   ii. A/C receivable method

Credit sales method :- खुद उधारो बिक्रि रकमको एक निश्चित प्रतिशत रकम खराब ऋण हुनेछ भन्ने आङ्कलन गरिन्छ र खराब ऋण खातालाई debit र खराब ऋण छुट खातालाई credit गरि अभिलेख राख्नु पर्दछ।

A/C receivable method :- विगत वर्षहरुको कुल खराब ऋणको रकमलाई विगत वर्षहरुको कुल प्राप्य (ac receivable) को रकमले भाग गरि निर्धारण गरिएको प्रतिशतका आधारमा आगामी/ वर्तमान वर्षको अप्राप्री ऋण्को पुर्वानुमान गरिन्छ।

5. Write short notes on interest bearing notes and non-interest bearing notes.

   Ans:- ब्याज बेहोर्ने नोटमा ब्याजकोदर उल्लेख गरिएको हुन्छ सो दर अनुसार ब्याज ऋण दातालाई तिर्नु पर्दछ । ऋणले समयवधी भित्र ब्याज तिर्दछ र वाकी ब्याज accured interest शीर्षक अन्तर्गर income statement र वासलातमा देखाइन्छ ।

8.Accounting for current liabilities. (2 marks)

1. Define current liabilities.

Ans:- छोटो समय अवधी वा १ वर्ष भित्रमा भुक्तानी गर्नु पर्ने दायित्वलाई चालू दायित्व भनिन्छ। उदाहरणका लागि a/c payable, creditors, note payable, short term loan आदि लाई लिन सकिन्छ। यसलाई balance sheet मा दायित्व तर्फ प्रविस्टि अभिलेख गरिन्छ।

Describe by easy youtube channel

2. Write any two differences between a/c payable & notes payable.

Ans:-

आधर	A/C Receivable (Bills Receivable)	Notes payable
शर्त	यसमा कुनै प्रकारको शर्त राखिदैन ।	.....हुन्छ।
समय तथा ब्याज	यसमा नत ब्याज तोकिएको हुन्छ नत समय नै ।	...हुन्छ ।

3. Define contingent liabilities with example.

   Ans:- वस्तु बिक्री पश्चात् वस्तुप्रतिको दायित्वहरु लाई contigent liabilities भैपरि आउने दायित्व भनिन्छ। जसमा warenty guarantee पर्द्छन, जुन दायित्व कम्पनीले लिन्छ।

4. Write short note about working and unearned revenue.
   - Working capital ;- current assets र current liabilities को अन्तर नै working capital चालू पुजी हो। यसलाई शुत्र मा देखाउदा,

     Working capital = current assets – current liabilities

   - Unearned revenue ;- कहिले काहीँ व्यवसायले वस्तु तथा सेवा बिक्रि पुर्व नै रकम प्राप्त गर्दछन । आय आर्जन नहुदै प्राप्त भएको रकम बराबरको वस्तु तथा सेवा भविस्यमा प्रदान गर्नु पर्ने दायित्वलाई अग्रिम आय unearned revenue भनिन्छ।

9.Accounting for long-lived assets. (2,10 marks)

(2 marks important question)

1. Describe long lived assets and it’s characteristics.

   Ans:- लामोसमयसम्म व्यवसाय संचालन गर्न खरिद गरिएको सम्पत्तिलाई दीर्घकालीन सम्पत्ति भनिन्छ। जसको समयअवधि एक वर्षभन्दा बढी हुन्छ, यसलाई वित्तीय सम्पत्ति पनि भनिन्छ।

   यसका विशेषताहरु निम्नानुसार छन्:-

   - नियमित सञ्चालन
   - वास्तविक मूल्य ह्रास
   - वासलातको सम्पत्ति पक्षमा प्रविष्टि
   - भौतिक स्वरुप भएका नभएका दुवै
   - वित्तीय मुनफाका लागि प्रयोग

2. How many types of long lived assets.

   Ans:- दीर्घकालीन सम्पति दुई प्रकारका हुन्छन्, जुन निम्नानुसार छन् :-

   i. Tangible (दृश्यवान सम्पत्ति) :- भौतिक स्वरूप भएका दीर्घकालीन सम्पत्तिहरू दृश्यवान सम्पत्ती हो, जस्तै land, furniture, machinery , equipment , यिनीहरूको मूल्य ह्रास कट्टा प्रत्येकवर्ष गरिन्छ।

ii. Intangible (अदृश्य सम्पत्ति) :- भौतिक स्वरूप नभएका दीर्घकालीन सम्पत्तिहरू अदृश्यवान सम्पत्ती हो, उदाहरणमा trade mark, Good will, copyrights , patient हरुलाई लिन सकिन्छ। यसले व्यवसायको ख्यातीमा वृद्धि गर्द्छ।

3. Clarify the meaning of depression with main objectives.

Ans:- व्यवसायमा निरन्तर कार्य संचालनमा स्थिर सम्पत्ति प्रयोग गरिन्छ, जसबाट यसको मूल्यमा क्रमिक रुपमा ह्रास आउदछ , जसलाई depreciation (मुल्री ह्रास कट्टी) भनिन्छ।

यसका प्रमुख उद्देश्य निम्नानुसार छन्

- उपयुक्त नाफा निर्धारण गर्ने
- सम्पत्ति वास्तविक मूल्य पत्तालगाउने
- सम्पत्ति पुनस्र्थापना गर्ने
- कर दायित्व कम गर्न
- यथार्थ उत्पादन लागत पत्ता लगाउन
- विभिन्न खाता निर्माण गर्न

(10 marks important question)

4. Different between capital and revenue expenditure.

Ans:-

आधर	पुजीगत खर्च(capital exp.)	आयगत खर्च(revenue exp.)
प्रकिति	यो खर्छ नदोहोरिने प्रकृतिको हुन्छ।	यस्तो खर्च दैनिक रुपमा दोहोरिने प्रक्रितिको हुन्छ।
खर्च तुलना	यहाँ लामो समय सम्म सेवा प्राप्त गरिने हुदा ज्यादा खर्च गरिन्छ।	पुजीगत खर्चको तुलनामा कम खर्च रकम रहन्छ।
आम्दानी	आम्दानी वृद्धि गर्न पुजीगत खर्च गरिन्छ।	आम्दानीलाई भविस्यमा यथावत राख्न यो खर्च गरिन्छ।
समयवधि	एक वर्ष भन्दा बढी लाभ प्राप्त गर्न सकिन्छ।	बढिमा एक वर्ष मात्र समय सम्म लाभ लिन सकिन्छ।
अभिलेख	यस्तो खर्चलाई वासलातको सम्पत्ति भगमा देखाइन्छ।	यस्तो खर्चलाई ब्यापार तथा नाफा नोक्सान खाताको dr. Cr. पक्षमा देखाइन्छ।

5. Write in brief about the reason for depreciating fixed assets.

Ans:- दीर्घकालीन सम्पत्तिमा मुल्य ह्रास कट्टी हुनुका कारणहरु निम्न छन् :-

- घिसावट र क्षय
- समयको समाप्ति
- अप्रचलन
- सम्पत्तिको समाप्ति
- दुर्घटना
- बजार मुल्य गिरावट

मुल्य ह्रास कट्टीको रकम निम्न तत्वहरुबाट निर्धारण हुन्छ :-

- सम्पत्ति को लागत
- अनुमान जीवनकाल
- अवशेष मुल्री
- अन्य तत्वहरु

6. Depreciation fund method provides sufficient fund at the time of replacement need of fixed asset comment.

Ans:- मूल्य ह्रास कट्टिको अन्य विधि अन्तरगत एउटा सिमा के छ भने ती विधि अन्तरगत मुल्य ह्रास कट्टीको रकम त कट्टा गरिन्छ तर त्यस्लाई ब्यवसायमै राखिन्छ। अर्थात् व्यवसाय बाहिर लगानी गरिँदैन सोही कमजोरीलाई निराकरण गर्न र आवश्यक समयमा सम्पत्तिको पुनःस्थापना गर्न depreciation fund method प्रयोग मा ल्याउन थालियो।

यश विधि अन्तर्गत एक वर्ष कट्टा गरिने मूल्य ह्रास कट्टिको रकमलाई व्यवसायभन्दा बाहिर नाफा आर्जन गर्ने क्षेत्रमा लगानी गरिन्छ। पछि कम्पनीमा नयाँ सम्पत्ति आवश्यक भएमा सोही लगानी बिक्री गरी सो रकमबाट नयाँ सम्पत्ति खरिद गरिन्छ।यस अनुसर यसविधीबाट प्रयाप्त र तयरी नगद उप्लब्ध हुन्छ ।

यसलाई सुत्र बाट देखाउदा

Annual depreciation= table value of assets × depreciable value.

10.Accounting for long term liabilities. (2,10 marks)

(2 marks important question)

1. Define non-current liabilities.
   Ans:-
2. Write relationship between stated and market rate?
   Ans:- अंकित ब्याजदर र बजार ब्याजदरको सम्बन्धलाई निम्नानुसार प्रस्तुत गरिन्छ :-
   - यदि बजारको प्रचलित ब्याजदर र अंकित ब्याजदर वराबर भए ऋणपत्र्लाई अंकित(par) मुल्यमा जारी गरिन्छ।
   - यदि बजारको प्रचलित ब्याजदर ऋणपत्रको अंकित ब्याजदर भन्दा बढी छ भने ऋणपत्र्लाई छुट (discount) मा जारी गरिन्छ।
   - यदि बजारको प्रचलित ब्याजदर ऋणपत्रको अंकित ब्याजदर भन्दा कम छ भने ऋणपत्र्लाई ऋणपत्र (premium) मा जारी गरिन्छ।

   (10 marks important question)
3. What is the debenture & bonds and describe its types and nature.
   Ans:-

4. Accounting entries of issue of debenture.
   Ans:- ऋणपत्र जारी गर्ने लेखाविधीको सन्दर्भमा निम्न बुदाहरु माथी ध्यान दिनुपर्दछ :-
   - सामान्य ब्याजदर :- पहिले नै ऋणपत्र जारी गर्दा निर्धारण गरिएको ब्याजदरलाई सामान्य ब्याजदर हो।

जुन वार्षिक तथा अर्धवार्षिक रूपमा भुक्तानी गरिन्छ। यो अपरिवर्तित हुन्छ।

Describe by easy youtube channel

- चलन चल्तिको ब्याज्दर :- bondholder ले बजारमा चलन चल्तीमा रहेको ब्याज्दर हो ।जसलाई प्रभावकारी ब्याजको दर वा प्रतिफल पनि भनिन्छ। जुन परिवर्तनशिल रहन्छ।

5. What do you mean by bond amortization? And its purpose?

Ans:- ऋणपत्रको भुक्तानी भनेको ब्याज खर्च समायोजन गर्नका लागि छुट तथा प्रब्याज बाट केही रकम हस्तान्तरण गर्ने प्रक्रियालाई बुझाउछ। छुट र प्रब्याजमा हुने ऋणपत्रको समायोजन नहुन्जेल त्यसलाई निरन्तरता दिइन्छ।

<u>ऋणपत्र भुक्तानीका प्रक्रिया</u> :- ब्याजको रकम फरक फरक समयमा फरक फरक हुने भएतापनी ब्याज्दर भने समान हुन्छ। जसलाई प्रभावकारी ब्याजदर भनिन्छ। सोही विधि अनुसार ऋणपत्र भुक्तानी गरिन्छ। यसको सम्बन्धलाई निम्न समीकरण द्वारा देखाउन सकिन्छ।

Cash interest (column 1) = face value × Face rate

Interest expense (column 2) = carrying value × effective rate
Discount Amortized (column 3) = interest expenses – cash interest

6. What is lease and describe its type with its difference.

Ans:- सम्पत्तिको मालिक र सम्पत्ति प्रयोग गर्ने पक्ष बीच एक निश्चित समयवधिसम्म सम्पत्ति प्रयोग गरेवापत तिर्न गरि कानुनसम्मत गरिएका सम्झौता नै भाडा (lease) हो। यो प्राय ठुलो कम्पनीमा प्रयोग गरिन्छ। जसमा मालिकले सम्पत्ति भाडामा लिने पक्षलाई पुर्ण अधिकार प्रदान गर्दछ।

सामान्यतया lease दुई प्रकारका हुने गर्दछन । जुन यसप्रकारका हुने गर्दछन। जुन यस्प्रकार छन:-

i. संञ्चालन भाडा (Operating lease)
ii. पुजीगत भाडा (Capital lease)

यी दुई बिचको भिन्नतालाई निम्नबुदामा देखाउन सकिन्छ :-

- स्वामित्व हस्तान्तरण :- सञ्चालन lease मा मालिक्ले अधिकार प्रत्यायोजन गरेता पनि स्वामित्व हस्तान्तरण गरेको हुदैन तर पुजिगत lease मा स्वामित्व हस्तान्तरण गरिन्छ।

- म ेसिनकोआय :- सञ्चालन lease मेसिनको आयु भन्दा lease को सम्झौता अवधी कम हुन्छ। तर ....

- स्ृवामित्वको प्रभाव :- स्वामित्व हस्तान्तरण नहुने हुँदा सञ्चालन lease मा lease को भाडा करयोग्य आम्दानीमा घटाउन सकिन्छ तर स्वामित्व हस्तान्तरण गर्दा पुँजीगत lease मा lease लिदा ह्रास खर्चमा कटाउन पाइन्छ।

- मेसिनको मर्मत :- सञ्चालन lease व्यवसायको मालिकले नै मेसिन को मर्मत सम्भार गर्दछ तर पुजीगत lease मा स्वयं सम्पत्ति प्रयोग कर्ताले गर्दछ।

11.Accounting for shareholders equity. (2 marks)

1. Define a shareholder's equity.

Ans:- Equity share धनी अर्थात वितरित equity share खरिद गर्ने व्यक्ति नै shareholders equity हो। जसलाई कम्पनीको असलि मालिक पनि भनिन्छ। जो कम्पनीको भित्र प्रतक्ष सामेल घुलमेल रहन्छ।

Describe by easy youtube channel

2. Write any two difference between common share and preference share.

आधर	Common / equity/ ordinary share	Preference share

स्थान	यिनिहरु कम्पनीका असली मालिक हुन।	यिनिहरुलाई अस्थिर share भन्न सकिन्छ।
परिवर्तनशिल	यो परिवर्तनशिल हुदैन।	यो समय अनुरुप परिवर्तनशिल हुन्छ।

Ans:-

Describe by easy youtube channel

3. Write about par value.

Ans:- अंश पत्रको हो प्रमाण पत्रमा उल्लेख गरिएको मूल्यलाई अंकित मूल्य भनिन्छ जुन कम्पनीको वास्तविक पुँजी हो ।

4. How stock dividend is different from cash dividend.

Ans:- कुनैपनि शेयर वितरक कम्पनीले विभिन्न कारणवश shareholder lai cash dividend भुक्तानी गर्न नसकेको खण्ढमा रकम बराबरको share stock , dividend

का रुपमा भक्तनी गरेन dividend लाई stock dividend भनिन्छ।

Describe by easy youtube channel

12. Basic financial statements. (2 marks)

1. Define concept of financial statement. And write about its limitation .

   Ans:- chpter 1 qsn no. 1 , financial statement का सिमाहरु निम्नानुसार छन :-

   - यसले आर्थिक/ मौद्रिक तथ्यको मात्र सुचना प्रदान गर्दछ ।
   - यसले मुल्यवृदिको प्रभावलाई समेट्दैन।
   - यसले आवश्यक सूचनाहरु पुर्ण सुपमा प्रदान गर्न सक्दैन।

2. What are the needs / objective / importance / Purpose of financial statement .

   Ans:- Financial statementas का objectives/ needs important / purpose निम्नानुसार छन:-

   - आर्थिक कारोबार सम्बन्धि सुचना प्रस्तुत

- सम्भावित नगद प्रवाहको मुल्यांकन
- व्यवसायिक निर्णय लिन मद्दत
- व्यवसायको सम्पत्ति तथा दायित्वको तुलनात्मक अध्ययन गर्ने

  Describe by easy youtube channel

3. Brief about the types of income statement.

   Ans:- income statement दुई प्रकारका हुन्छन जुन निम्नानुसार छन् :-

   i. Single step income statement :- यो विवरणमा आम्दानी खर्च शिर्षक नछुट्याई विवरण तयार पारिन्छ। यहाँ कुल आम्दानी बाट कम्पनीको सम्पुर्ण सङ्चालन खर्च तथा बिक्रि योग्य वस्तुको लागत लाई घटाएर नाफा नोक्सान गणना गरिन्छ।

   ii. Multiple step income statement :- यसमा सम्पुर्ण आय तथा खर्चलाई तिनीहरुको शिर्षक अनुसार

छुट्याइ विवरण तयार पारिन्छ। यहाँ sales revenue मा cost of goods घटाई gross profit / gross loss गणना गरि त्यसमा सम्पुर्ण सङ्चालन खर्च घटाई operating income गणना गरिन्छ।

7. Describe by easy youtube channel

4. Define the concept and components of statement in change owners equity.

   Ans:- statement in change owners equity एक अल्प वित्तीय विवरण हो। जसमा वित्तीय विवरणका सम्पुर्ण पक्षहरु लाई उल्लेख गरेको हुदैन। साधारणतया यो मालिकहरुको शुरु पुजी र बिचमा थप गरिएको पुजी सहितको नाफा तथा नोक्सान विवरण हो। यसको आवश्यकता सार्वजनिक कम्पनिहरुमा बढी हुन्छ।

   Statement in change owners equity को components यस अनुसार छन:-

   - Opening balance
   - Contributed capital
   - Additional paid in capital
   - Retain earning

- Other comprehensive income
- Withdrawals

13.Cash flow statement. (2 marks)

1. explain cash flow statement and its important .

   Ans:- एक निश्चित समय अवधि भित्र व्यवसायिक क्रियाकलापमा हुने नगद भित्री र बाहिरी प्रवाह लाई प्रस्तुत गर्ने statement नै cash flow statement हो।

   यसका Objective important यस अनुसार छन्:-

   - नगरको भित्री तथा बाहिरी flow को बारेमा जानकारी दिने
   - व्यवसायको प्रभावकारी सञ्चालनमा सहयोग गर्ने
   - sheer तथा ऋणपत्र बाट प्राप्त नगद प्रमाण देखाउने
   - उचित नगद योजना निर्माणका लागि नगद सन्तुलन कायम गर्ने
   - नगद प्रयोग बारे जानकारी दिने

2. write about cash flow from operating activities.

Ans:- व्यवसायमा हुने दैनिक आयमूलक गतिविधि संग सम्बन्धित क्रियाकलापको cash flow लाई cash flow from operating activities भनिन्छ। जसमा sales, cogs, collection, payment, expenses, tax and interest पर्दछ।

3. write about cash flow from investing activities.

   Ans:- long term assets र investment को खरिद बिक्रि सम्बन्धित क्रियाकलापलाई cash flow from investing activities भनिन्छ।

4. write about cash flow from financial activities.

   Ans:- share, debenture, long term debts आदिको निष्काशन तथा पुनर्भुक्तानी र प्राप्तिको क्रियाकलापलाई cash flow from financial activities भनिन्छ।

Describe by easy youtube channel

14.Value Added Statement. (2 marks)

1. What is the value added ? write any two advantage of value added.

Ans वस्तु तथा सेवा स्थान प्रकृति अवस्था स्वरूप परिवर्तन गरि कच्चापदर्थ तथा सेवाको मूल्यबृद्धि गरिन्छ भने त्यस अन्तरलाई value added भनिन्छ। यसलाई सुत्र बाट प्रस्तुत गर्दा,

Value added = प्रशोधित वस्तुको मूल्य – कच्चापदार्थको मुल्य

यसका advantage फाइदा निम्नानुसार छन :-

- वस्तु उपयोगिताको अध्ययनमा सहज
- वस्तु उत्पादनमा आवश्यक पर्ने तत्वहरुको बारेमा जानकारी
- उत्पादन लागत बारे जानकारी
- वस्तुको गुणस्तर तथा उपयोगितामा वृद्धि भइ उपभोक्ता सन्तुष्टि
- Net income पत्ता लगाउन सहज।

#application of value added statement

- लागत न्युनिकरण

- कार्य सम्पादन मापन
- उत्पादकत्व निर्धारण
- स्रोतहरू बाँडफाड
- वित्तीय विश्लेषण
- मूल्य अभिवृद्धि कर निर्धारण

#content of value added statement

- कर्मचारी वितरण
- सरकारलाई वितरण
- पुजी दातालाई वितरण
- व्यवसायमा पुनःलगानी

#preparation of value added stm.

- Subtractive approach (घटाउने विधि)
- Additive method (जोड्ने विधि)

#Conceptual issue of value added stm.

समावेश गर्ने	समावेश नगर्ने
Depression	indirect taxes
Direct taxes	
Payment to employers	